**निर्णय नं.-५**

वडा कार्यालयमा नेटर्वकिङ्ग फाइवर, विस्तारका लागि जिल्ला दररेट कायम नभएको अवस्थामा नगरपालिकामा उधोग वाणिज्य संघ लगायत विभिन्न ४ वटा फर्म बाट पेश भएको दर रेटलाई तुलनात्मक चार्टमा अध्ययनगरी प्रत्येक आइटमको सवै भन्दा कम मुल्य लाई आधार मानि नगरपालिकाको चालु आ.व. ०७४।०७५ को लागि दर रेट कायम गर्ने निर्णय गरियो ।

## तुलनात्मक चार्ट

| सामानको नाम | कम्प्युटर वर्ल्ड' ट्रेड | निखिल इलेक्ट्रोनिक्स | युनाईटेड सोलुसन प्रा.लि. | दररेट | कैफियत |
|---|---|---|---|---|---|
| फाइबर ६ कोर प्रति मिटर | रु. २८।- | रु. २८।- | रु. २६।- | दररेट कायम गर्ने | |
| ओ.एन.यु. प्रति थान | रु. ३,०५०।- | रु. ३,१००।- | रु. ३,०००।- | ,, | |
| टिफिन बक्स (इन्क्लुजर) प्रति थान | रु ४३०।- | रु ४४०।- | रु ४००।- | ,, | |
| ब्याम्बो (इन्क्लुजर) प्रति थान | रु २८०।- | रु २९०।- | रु २५०।- | ,, | |
| प्याचकर्ड प्रति थान | रु ३३०।- | रु ३४०।- | रु ३००।- | ,, | |
| कप्लर प्रति थान | रु ८६०।- | रु ८९०।- | रु ८००।- | ,, | |
| एस.एफ.पि. प्रति थान | रु ७,४००।- | रु ७,५००।- | रु ७,०००।- | ,, | |
| ओ.एल.टी. प्रति थान | रु १,३०,०००।- | रु १,३१,०००।- | रु १,२५,०००।- | ,, | |
| आल्मुनियम तार प्रति कि.ग्रा. | रु ४८०।- | रु ४९०।- | रु ४००।- | ,, | |
| फाइबर जोड्न प्रतिकोर मेसिन भाडा सहित | | | रु. ५००। | दररेट कायम गर्ने | |

माथि उल्लेखित पेश हुन आएको दररेटमा सबै भन्दा कम दररेट युनाईटेड सोलुसन प्रा.लि. ले पेश गरेको दररेट देखिएको हुँदा उक्त दररेट नै चालु आ.ब. ०७४।०७५ मा कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं.-६**

इन्धनको खपत तथा व्यवस्थापन सम्वन्धमा प्रत्येक सम्पूर्ण पदाधिकारी तथा कर्मचारीहरुले अनिवार्य रुपमा लगवुक राख्नु पर्ने व्यवस्थालाई अनिवार्य रुपमा लागु गर्ने । कर्मचारीलाई उपलव्ध गराउने मासिक इन्धनको हकमा अधिकृत वा सो भन्दा माथील्लो तहका कर्मचारीहरुलाई मासिक १० लिटर पेट्रोल र अधिकृत भन्दा तल्लोतहका कर्मचारीहरुको हकमा मासिक ५ लिटर पेट्रोल र फिल्डमा खटिने प्राविधिक कर्मचारीहरुको हकमा प्रतिमहिना १० लिटर पेट्रोल उपलव्ध गराउने र प्राविधिक कर्मचारीलाई फिल्डमा खटाउनु पर्ने भएमा आवश्यकता अनुसार इन्धन उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.७**

वडा कार्यालयमा कर्मचारी व्यवस्थापन तथा अपुग प्राविधिक कर्मचारी व्यवस्थापन सम्वन्धमा निम्नानुसार गर्ने निर्णय गरियो ।

(क) नगर कार्यपालिका तथा वडा कार्यालयहरुमा कार्यालय सहयोगीहरु अपुग भई कामकाज गर्न असहज भएको हुदा मासिक १२,०००। (वाह्र हजार मात्र ) सुविधा उपलव्ध गराउने गरी हाल १२ जना कार्यालय सहयोगीलाई आवश्यक प्रकृया पुरागरी सेवा करारमा कामकाज लगाउने निर्णय गरियो ।

इटहरी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी प्रदेश नं.-१, सुनसरी, नेपाल स्था. २०७३

नि० प्रमुख प्रशासकीय अधिकृत